यशोधरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैदौली, कपिलवस्तु
(लुम्बिनी प्रदेश, नेपाल)

प.सं. : २०८२/८३
च.नं :

मिति: २०८३/०२/०६

## पसल,व्यवसाय,उद्योग तथा संस्था दर्ता/नविकरण सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८३/०२/०६

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ९ धारा ५८ बमेजिम गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका पसल,व्यवसाय,उद्योग तथा संस्था गाउँपालिकामा दर्ता गरि सञ्चालन गर्नुपर्ने प्रावधान रहेकोले हाल सम्म दर्ता नभई सञ्चालनमा रहेका पसल,व्यवसाय, उद्योग,ठेलाहरु यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र यशोधरा गाउँपालिकाको राजश्व शाखामा गई तपसिल बमोजिमको कागजात सहित दर्ता/नविकरण गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै दर्ता नगरी सञ्चालन गरेको पाइएमा कानुन बमोजिम प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

१. व्यवसायीको नेपाली नागरिकताको फोटोकपी
२. हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति
३. मूल्य अभिबृद्धि कर,प्यान वा अन्य निकायमा दर्ता भएमा सोको प्रमाणपत्रको प्रतिलिपी
४. घर वा जग्गा भाडामा लिई संचालन गरेको व्यवसायको हकमा घरभाडा सम्झौता पत्र
५. सामुहिक व्यवसायको हकमा समूहको सबै सदस्यको नागरिकता प्रतिलिपी
६. वडा कार्यालयको सिफारिस पत्र
७. उद्धोगको हकमा सधियारको मंजुरीनामा
८. निवेदन
९. अन्य आवश्यक कागजात

**बोधार्थ**

१. **श्री यशोधरा गाउँपालिका वडा कार्यालय सबै** : पसल,व्यवसाय दर्ता कार्यमा आवश्यक सहजीकरण गर्न सम्बन्धित वडाका प्रत्येक टोल तथा सार्वजनिक स्थानमा यो सूचना टाँस गर्नुहुन ।
२. **श्री सूचना प्रविधि शाखा, यशोधरा गाउँपालिका बैदौली** : यो सूचना गाउँ कार्यपालिकाको वेभ साइट तथा फेसबुक पेजमा अपलोड गर्नुहुन ।

शिवदयाल तिवारी
गाउँपालिका अध्यक्ष

शिव दयाल तिवारी
गा. पा. अध्यक्ष